आज मिति २०७९ साल बैशाख ७ गते बुधवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष ११ | श्री रामकृष्ण अधिकारी | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: प्रतिनिधि तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.४: स्वास्थ्य क्लिनिक नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.५: सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरण समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.६: IEE स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.७: आ.व. २०७७/०७८ को पेश्की वेरुजुको जवाफ तथा प्रतिक्रिया पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: सडक सिमा सम्बन्धमा ।
प्रस्ताव नं.९: बाटो कायम सम्बन्धमा ।
प्रस्ताव नं.१०: प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ११: मदर्शा शिक्षा व्यवस्था अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१२: विद्यालयको शैक्षिक सत्र २०७९/०८० का लागि हिउँदे वर्षे बिदा सम्बन्धमा ।
प्रस्ताव नं.१३: विद्यालयमा थप कक्षा सञ्चालन अनुमती सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/१२/२२ गते बसेको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बस्ने पुष्पकला भट्टराईले व्यास नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखा समेत विरुद्ध उच्च अदालत पोखरामा निषेधाज्ञा जारी गरी पाउँ भनी रीट दर्ता गरी व्यास नगरपालिकाको नाउँमा १५ दिने म्याद प्राप्त गरी व्यास नगरपालिकाको तर्फबाट लिखित जवाफ लेखी पेश गर्न र सो मुद्दा पुर्पक्ष गर्नका लागि व्यास नगरपालिकाको तर्फबाट व्यास नगरपालिका कार्यालयमा कार्यरत शाखा अधिकृत श्री नवीन पराजुलीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) बाग्मती अञ्चल धादिङ्ग जिल्ला नौबिसे ८ बस्ने प्रो. प्रशान्त उप्रेतीले व्यास ७ मा सञ्चालन गर्दै आउनु भएको नेचर नेस्ट एग्रो फार्म कृषि व्यवसाय थप विस्तार गर्न व्यास नगरपालिका वडा नं. ७ बस्ने श्री दान बहादुर गुरुङ्गको नाउँमा रहेको साविक क्यामिन गा.वि.स. वडा नं. ९/च को कि.नं. ३४ क्षेत्रफल १५-८-१-० जग्गा नेचर नेस्ट एग्रो फार्मका नाउँमा राजिनामा पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) बाग्मती अञ्चल धादिङ्ग जिल्ला दार्खा ४ बस्ने प्रो. श्री मैराम तामाङ्गले व्यास १ मा भादगाउँ एग्रीकल्चर फार्म कृषि व्यवसाय सञ्चालन गर्न व्यास नगरपालिका वडा नं. १३ बस्ने श्री बावुराम ढकालको नाउँमा रहेको साविक केशवटार गा.वि.स.वडा नं. ६/ट र ६/घ कि.नं. ६, ५२, ५३, ५४, ६१ र ६२ क्षेत्रफल ४-५-१-३, ८-१२-३-०, २४-०-३-१, ५-१५-३-०, १-५-०-१ र १०-४-२-१ र र ऐ. वडा बस्ने श्री मुक्तिनाथ ढकालको नाउँमा रहेको साविक केशवटार वडा नं. ६/घ कि.नं. ५७ र ५९ क्षेत्रफल ३३-१२-३-३ र २-३-३-० भएको जग्गाहरु भादगाउँ एग्रीकल्चर फार्मका नाउँमा राजिनामा पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको निम्न वडामा रहेका निम्नानुसारका स्वास्थ्य क्लिनिकहरुको म्याद सकिएकै मिति देखि लागू हुने गरी २ (दुई) बर्ष म्याद थप गरी नविकरण गर्ने निर्णय गरियो ।

(क) श्री लोक प्रिय स्वास्थ्य क्लिनिक – व्यास २ दमौली
(ख) श्री भण्डारी हेल्थ क्लिनिक – व्यास २, दमौली

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सामाजिक सुरक्षा भत्ता वितरणमा बैकिङ्ग समस्या समाधान तथा सहजीकरण गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री डिल्लीराम सिग्देल – प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य श्री तम बहादुर दरै – कार्यपालिका सदस्य
३. सदस्य श्री चन्द्रमाया परियार – कार्यपालिका सदस्य
४. सदस्य श्री सम्बन्धित बैंकका शाखा प्रमुखहरु
५. सदस्य श्री जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि
६. सदस्य श्री कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको प्रतिनिधि
७. सदस्य-सचिव श्री सामाजिक सुरक्षा हेर्ने कर्मचारी श्री विष्णु कुमार जोशी

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा वेदव्यास मल्टी प्रपोज उड एण्ड काष्ठ ईन्डष्ट्रिजद्वारा व्यास न.पा. वडा नं. ११ रामदासमा सञ्चालन गर्न लागेको उड एण्ड काष्ठ ईन्डष्ट्रिजका लागि कार्य सूची स्वीकृत भई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार भै आएकाले सो प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७७/०७८ का लागि बार्षिक बजेट विनियोजन गरी सञ्चालन गरिएका भौतिक एवं प्रशासनिक आम्दानी खर्च लगायतका सम्पूर्ण वित्तिय कारोवारलाई महालेखा परीक्षकको कार्यालयबाट खटिई आउनु भएका लेखापरीक्षकले लेखापरीक्षण गर्ने कार्य सम्पन्न गरी नगरपालिकामा पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदनलाई दफा नं. ०१ देखि दफा नं. ८३.४ सम्मका सम्पूर्ण दफाहरु दफावार अध्ययन गरी छलफल गर्दा प्रतिवेदनमा उल्लेख भएका व्यहोरामा कुनै पनि किसिमबाट आर्थिक कारोवार हिना-मिना, हानी-नोक्सानी, बजेट दुरुपयोग र गम्भिर प्रकृतिका खर्च भएको व्यहोरा उल्लेख गरिएका छैनन् । केवल प्रकृया, प्रमाण र केही नियम पूरा नभएर नियमित गर्ने अशुलउपर गर्ने र पेश्की बाँकी र गम्भिर प्रकृतिका खर्च भएको व्यहोरा उल्लेख गरिएका छैनन् । केवल प्रकृया, प्रमाण र केही नियम पूरा नभएर नियमित गर्ने अशुलउपर गर्ने र पेश्की बाँकी फछ्र्यौट गर्नुपर्ने वेरुजुहरु प्रतिवेदनमा उल्लेख भएको देखिएको हुँदा नियमित गर्ने प्रकृतिका वेरुजुहरुलाई प्रमाण सहित संलग्न राखी सम्परीक्षण गरिदिनु भनि प्रतिक्रिया जवाफ लेखी पठाउने र नियमित गर्ने वेरुजुलाई आगामी नगर सभाबाट अनुमोदन गर्न पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ४ हुदै लमजुङ भोर्लेटार जाने मार्गको मापदण्ड र जग्गा अधिग्रहण सम्बन्धमा लमजुङ जिल्ला तत्कालिन समिभञ्ज्याङ्ग गा.वि.स.वडा नं. २, हाल रम्घा गा.वि.स. वडा नं. ६ बस्ने नारायण सिंह गुरुङ्ग समेत निवेदक, नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाण्डौं समेत विरुद्ध उत्प्रेषण परमादेश (०७०-WO-०१०५) को सर्वोच्च अदालतबाट २०७२/८/१६ को सर्वोच्च अदालतबाट भएको फैसला समेतको सन्दर्भमा व्यास नगरपालिका वडा नं. ४, १० र ७ को मापदण्डलाई व्यास मार्गको केन्द्रबिन्दुबाट दाया-बाँया १५/१५ मिटर मापदण्ड कायम भएको र लगतकट्टा हुन बाँकी भएको, व्यक्तिगत जग्गामा सडक मापदण्ड कायम गर्दा क्षतिपूर्ति दिएर मात्र जग्गा प्राप्ति ऐनको प्रकृया पूरा गरी जग्गा अधिग्रहण गर्न सकिने हुँदा उक्त मार्गलाई सडक केन्द्रविन्दुबाट दायाँ-बाँया १० (दश) मिटर सडक मापदण्ड कायम गर्नका लागि प्रदेश सरकार, केन्द्र सरकारमा लेखी पठाउने र उक्त मापदण्डको आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ७ स्थित साविक क्यामिन ९/च कि.नं. ४८, ११०, २८४ र २९८ को कित्ता जग्गा हुदै शिवालय मन्दिरको दक्षिण तर्फबाट दान बहादुर गुरुङ्को नाउँमा श्रेस्ता पूर्जा भएको तनहुँ साविक क्यामिन ९/च कि.नं. ३४ को जग्गासम्म ५०० (पाँचसय) मिटर १३ (तेह्र) फूटे कच्ची बाटो नखिएको र उक्त बाटोलाई वैधानिकता दिनका लागि टोल विकास संस्थाको निर्णय, सर्जमिन मुचुल्का र ७ नं. वडाको सिफारिस समेतका आधारमा उक्त १३ फूटे बाटोलाई सार्वजनिक बाटो कायम गरी लगत कट्टाका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा (क) चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालय व्यास १० कुमलटारी व्यवस्थापन समितिको सिफारिसका आधारमा श्री रामचन्द्र पोखरेललाई २०७८/१२/२३ गतेदेखि ३ (तिन) बर्षका लागि प्रधानाध्यापक नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो । (ख) शिव माध्यमिक विद्यालय व्यास १० दुम्सी व्यवस्थापन समितिको सिफारिसका आधारमा श्री तिर्थराज परियारलाई २०७८/१२/२३ गतेदेखि ३ (तिन) बर्षका लागि प्रधानाध्यापक नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मदर्शा शिक्षा व्यवस्थापन अनुदान शिर्षकमा विनियोजित रू.७,००,०००/- (सात लाख) मध्ये तपसिल बमोजिमका मदर्शा शिक्षा व्यवस्थापनका लागि देहाय बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण | खर्च शिर्षक | रकम माग भई आएका मदर्शाहरुको नाम | अनुदान रकम रू. |
|---|---|---|---|---|
| १ | मदर्शा शिक्षा व्यवस्थापन अनुदान | १५५ | श्री सिशाघाट इस्लामिक मदर्शा, व्यास ६ | १,००,०००।०० |
| | | | श्री नुरानी उर्दु अरवी सामुदायिक मदर्शा, व्यास ६ | १,००,०००।०० |
| | | | श्री तालेमुल इस्लामिक मदर्शा, व्यास ६ | १,००,०००।०० |
| | | | श्री विस्मिल्ला मदर्शा, व्यास ६ | १,००,०००।०० |
| | | | श्री इस्लामिक उर्दु अरवी मदर्शाका, व्यास ६ | १,००,०००।०० |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा शैक्षिक सत्र ०७९/८० का लागि संघ सरकारका तर्फबाट तोकिएको अवस्थामा सोही बमोजिम हुने र नतोकिएको अवस्थामा २०७९ जेष्ठ १ गतेदेखि २०७९ चैत्र मसान्तसम्म कायम रहने र वर्षे/हिउँदे बिदा ३० दिन मात्र कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विद्यालयलाई शैक्षिक बर्ष २०७९/०८० मा थप कक्षा सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

(क) पराशर मा.वि. व्यास ५ पाटन – कक्षा १० सञ्चालन अनुमति

(ख) ज्ञानदिप बोर्डिङ्ग, व्यास ११ रानीगाउँ – कक्षा ८ सञ्चालन अनुमति

(ग) माया युनिभर्स एकेडेमी व्यास १३ – कक्षा २ सञ्चालन अनुमति

(घ) छाब्दीबाराही प्रा.वि. व्यास १२ – कक्षा ६ सञ्चालन अनुमति